DAILY NEWSLETTER

As of May 7th 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्सेमा सुधारको संकेत सँगै १२ अंकको वृद्धि, सबै सूचकांक हरियो

नेप्से हरियालीमा फर्किँदै, लगातारको गिरावटपछि बजारमा सुधार र स्थिरताको संकेत देखिएको छ।

आज परिसुचक ६१.२६ अंक (२.३४%) को वृद्धि सँगै कारोबार रकम १० अर्ब ५१ करोड ८४ लाख ६ हजार ३५२.६४ रुपैयाँ पुगेको छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा तल छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling Pressure कम हुँदै गएको देखिएको छ ।
RSI	RSI 50 तल पुगेको देखिन्छ ।

Support	2600-2580
Resistance	2750-2800

सपोर्ट रेंजको परीक्षणसँगै नेप्सेले पूँजी बजारमा स्थिरता र सकारात्मक प्रवृत्ति देखाएको संकेत दिएको छ। बजारमा आएको सुधारसँगै लगानीकर्ताको सहभागिता बढ्दो छ । जसका कारण कारोबार रकममा समेत वृद्धि देखिएको छ।

तथापि, बजारको यो वृद्धि सँगै सतर्कता कायम राख्नु आवश्यक छ । वर्तमान बजारको उकालो यात्रालाई सकारात्मक संकेतका रूपमा लिनु उपयुक्त भए तापनि, हरेक लगानी निर्णय रणनीतिक सोच, जोखिम मूल्यांकन र दीर्घकालीन दृष्टिकोणमा आधारित हुन जरुरी छ।